जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक


MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ८१ पृष्ठः ४ | २०८३ साउन ०१ शुक्रबार (Friday 17 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## ब्राउनसुगरजस्तो देखिने पदार्थसहित पक्राउ




**मणिलाल विश्वकर्मा**

लहान, ३२ असार। बटुवाको आवरणमा पैदल हिंडेर सीमावर्ती भारतीय बजार हुँदै नेपालतर्फ आउँदै गरेका सिन्धुलीका एक व्यक्ति ब्राउनसुगरजस्तो देखिने पदार्थसहित सिराहामा पक्राउ गरेका छन्। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार सिराहा नगरपालिका- १७ माडरस्थित इलाका प्रहरी कार्यालयबाट खटिएको प्रहरी गस्ती टोलीले सिन्धुलीको कमलामाई नगरपालिका- ६ घर भएका करिब ४४ वर्षीय महेशकुमार थापालाई बुधबार साँझ पक्राउ गरेको हो।

शंकास्पद अवस्थामा आउँदै गरेका थापामाथि शंका लागेर रोकेर खानतलासी गर्दा पाइन्टको खल्तीबाट प्लास्टिकबाहेक नौ ग्राम ब्राउनसुगरजस्तो देखिने पदार्थ बरामद भएको सिराहा प्रहरीका प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। ब्राउनसुगरजस्तो देखिने पदार्थ बरामद भएपछि तत्काल थापालाई नियन्त्रणमा लिई जिल्ला प्रहरीमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। त्यसअघि प्रहरीले सिराहाको मिर्चैया नगरपालिका- ६ कटारी चोकबाट ३० असारको राति बेकरी पसलमा लुकाएर राखिएको प्लास्टिकबाहेक ७० मिलिग्राम ब्राउनसुगजस्तो देखिने पदार्थ, २२ हजार २५० रुपैयाँ नगद, पाँच थान मोबाइल बरामदसँगै बेकरी सञ्चालक मिर्चैया- १ का करिब ३५ वर्षीय उमेश श्रेष्ठ, मिर्चैया- ८ जीवा टोलका करिब ३२ वर्षीय चन्द्रप्रसाद गिरी, मिर्चैया- ६ का करिब २१ वर्षीय देवकुमार पासवानलाई पक्राउ गरेको थियो।

## सिराहा जिल्ला अदालतमा ६ साउनसम्म नयाँ मुद्दा दर्ता नहुने

सिरहा, ३२ असार। आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक कार्ययोजना निर्माणसहित आव २०८२/०८३ को वार्षिक प्रतिवेदन तयारी लगायतका व्यवस्थापकीय कामका लागि सिरहा जिल्ला अदालतले आगामी ६ साउनसम्म नयाँ मुद्दा दर्ता नगर्ने भएको छ। अदालतका श्रेस्तेदार उपसचिव भेषराज भट्टराईद्वारा जारी सूचनामा वार्षिक कार्ययोजना निर्माण, वार्षिक प्रगति प्रतिवेदन तयारीका लागि नयाँ मुद्दा दर्ता बन्द गरिएको उल्लेख छ। सूचनामा नयाँ दायरी दर्तालगायतका व्यवस्थापकीय काम गर्न हदम्याद व्यतित हुने र बन्दीप्रत्यक्षीकरण निवेदनबाहेक अन्य नयाँ मुद्दाहरु ३२ असारदेखि ६ साउनसम्म दर्ता बन्द गरिएको जनाइएको छ। ७ साउनदेखि अदालतमा नियमित रुपमा नयाँ मुद्दाहरु दर्ता हुने सूचनामा उल्लेख छ।



सिराहा जिल्ला अदालतबाट जारी भएको

सूचना

मितिः-२०८३।०३।३१

उपरोक्त सम्बन्धमा मिति २०८३ साउन महिनामा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक कार्य योजना निर्माण तथा आर्थिक वर्ष २०८२/०८३ को बार्षिक प्रतिवेदन तयार गर्ने र नयाँ दायरी दर्ता लगायतका व्यवस्थापकीय कार्य गर्नुपर्ने भएकाले हदम्याद व्यतित हुने तथा बन्दी प्रत्यक्षीकरणका निवेदन बाहेक अन्य नयाँ मुद्दाहरु मिति २०८३ असार ३२ गते देखि साउन ६ गते सम्म दर्ता गर्ने कार्य बन्द गरिएको तथा मिति २०८३ साउन ७ गते देखि नियमित रुपमा मुद्दाहरु दर्ता हुने वेहोरा सम्बन्धित सरोकारवाला सबैका लागि जानकारी गरिन्छ।

भेषराज भट्टराई
(श्रेस्तेदार/उपसचिव)

## प्रजिअ पौडेलको निर्देशन : सुशासनको महसुस दिलाउने गरी काम गरौ

**जीवछ उदासी**

लहान, ३२ असार। सिरहा जिल्लाको प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले सरकारी प्रदत्त निकायहरुले सुशासनको महसुस दिजाने गरी कार्यालय प्रमुखहरुलाई निर्देशन दिनु भएको छ।



सेवाग्राहीहरुको तर्फबाट उठाइको गुनासा, सुझाव तथा जिज्ञासालाई सम्बोधन गर्न मातहतका कार्यालय प्रमुखहरुलाई सुशासनको प्रत्याभुति दिलाउन सुशासन पारदर्शिता र जवाफदेहितालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न उहाँले जोड दिनु भएको छ।

सेवा प्रवाह, शन्ति सुरक्षा तथा अपराध नियणत्रण उपभोक्ता हित विकास निर्माण समन्वय तथा सहजीकरण विषहरुमा जिल्ला प्रशासन कार्यालय सिरहत तथा इलाका प्रशासन कार्यालय लहानले हिजो बुधवार। आयोजना गरिएको सार्वजानिक सुनवाइ कार्यक्रमको छलफलमा उठेका विषयहरुको जवाफ दिँदै उहाँले यस्तो बताउनु भयो।


मानव अधिकार संगठन मधेश प्रदेश एवं उपभोक्ता मञ्चका अध्यक्ष विमल ठाकुरले पूर्व पश्चिम चार लेन सडक निर्माण कार्य ढिलाइ भइरहँदा हिलो धुलो खानुको साथै कतिपय ज्यानै जाने सडक दुर्घटना निम्तिन, सीमा क्षेत्रबाट लागुऔषधको कारोवार नियणत्रण नहुनु र बजार अनुगमन नियमित नहुनु, डिजे बाजाबाट उच्पन्न भएको ध्वनि प्रदुषण लगायतका समस्याहरु समाधान नहुँदा आम नागरिकले सुशासनको महसुस गर्न नसकिरहेको जिज्ञासा राख्नु भएको थियो।

राष्ट्रिय स्वतन्त्र पार्टी लहान नगर समितिका अध्यक्ष लभ कुमार मण्डलले बैंकहरुले थपिएको चर्को व्याजको कारण व्यापारीहरु निकै तनावमा रहेकोले यसतर्फ सम्बन्धित निकायको ध्यान नजानु, परीक्षाकेन्द्रहरुमा परीक्षालाई अमर्यादित बनाउन मोवाइलको प्रयोग रोक्न नसक्नु र भारतीय बजारबाट कुखुरा राती राती नेपाली बजारमा कुखुरा भित्र्याएपछि नेपाली कुखुरा व्यवसायीहरु समस्यामा परेको गुनासो गर्नु भएको थियो।

अझैपनि समाजमा अन्धविश्वासले जडा गारेको कारण रोग लागेको व्यक्तिहरु चिकित्सकसँग उपचार गराउनुको सट्टा धामी झाक्रीमा गइरहेको तर्फ सम्बन्धित निकायबाट शिक्षा चेतना र जागरको कार्यक्रम नभइरहेको विधार्थी शङकरदेव नायकले सुनाउनुभयो।

तहान नगरपालिकामा पूर्व पश्चिम दुईवटा बस बिसौनी ( स्टेशन) निर्माण भएको भएपनि सुचारु नहुनु र मुख्य चोकमा सार्वजानिक शौचालय नभएको ठाउँमा अव्यस्थित बस रोकिनु लहानको बजार धारासायी भइरहनु जस्ता समस्या जिल्ला उद्योग

-बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।
- सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## सेवा–सुविधामा सक्रिय, कानुनमा सुस्त

मधेश प्रदेशसभाको दोस्रो कार्यकालले प्रदेश सरकारको कार्यसम्पादन र प्रदेशसभाको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएको छ। संघीय व्यवस्थाको मुख्य उद्देश्य प्रदेश तहलाई अधिकारसम्पन्न बनाउँदै स्थानीय आवश्यकता अनुसार कानुन निर्माण र जनउत्तरदायी शासन प्रणाली विकास गर्नु थियो। तर दोस्रो कार्यकालको हालसम्मको गतिविधि हेर्दा प्रदेशसभा जनअपेक्षाअनुसार कानुन निर्माणमा भन्दा पदाधिकारी र सदस्यहरूको सेवा–सुविधा व्यवस्थापनमा बढी केन्द्रित भएको देखिन्छ।

प्रदेशसभा सचिवालयले सार्वजनिक गरेको तथ्यांकले यो अवस्था झन् स्पष्ट बनाउँछ। पछिल्ला तीन आर्थिक वर्षमा पदाधिकारीहरूको इन्धन सुविधामा दुई करोड १४ लाख रुपैयाँभन्दा बढी र सवारीसाधन मर्मतमा करिब एक करोड ९० लाख रुपैयाँ खर्च भएको छ। यी खर्च नियमित प्रशासनिक शीर्षकका भए पनि प्रदेशसभाको उपलब्धिसँग तुलना गर्दा यसको औचित्यमाथि प्रश्न उठ्नु स्वाभाविक छ।

प्रदेशसभासँग हाल ३९ वटा सरकारी गाडी छन्। तीमध्ये सात वटा सञ्चालनमा छैनन् भने बाँकी गाडी सभामुख, उपसभामुख, संसदीय दलका नेता, प्रमुख सचेतक, विषयगत समितिका सभापति तथा अन्य पदाधिकारीले प्रयोग गरिरहेका छन्। निवर्तमान सभामुखले समेत सरकारी गाडी सुविधा निरन्तर उपयोग गरिरहेको तथ्यले सार्वजनिक स्रोतको उपयोग कति प्रभावकारी छ भन्ने प्रश्न जन्माएको छ।

यस अवधिमा भ्रमण भत्ता र बैठक भत्ताको खर्च पनि उल्लेखनीय छ। वर्तमान सभामुखले बैठक भत्ता नबुझे पनि निवर्तमान सभामुख र उपसभामुखले लाखौं रुपैयाँ बैठक तथा भ्रमण भत्ता लिएका छन्। विशेषगरी उपसभामुखको काठमाडौँ–जनकपुर आवतजावतमा उल्लेख्य रकम खर्च भएको विवरण सार्वजनिक भएको छ। यदि यस्ता भ्रमण सरकारी कामको आवश्यकता र परिणामसँग जोडिएका छैनन् भने जनताले यसको जवाफ खोज्नु स्वाभाविक हो।

अर्कोतर्फ प्रदेशसभाको मूल दायित्व भनेको कानुन निर्माण हो। तर दोस्रो कार्यकालको करिब साढे तीन वर्षमा जम्मा १६५ वटा बैठक बसे पनि केवल २७ वटा विधेयक पेस भएका छन् र तीमध्ये १६ वटा मात्र कानुनका रूपमा पारित भएका छन्। पहिलो कार्यकालमा करिब ५६ वटा कानुन बनेको सन्दर्भमा दोस्रो कार्यकालको उपलब्धि निकै कमजोर देखिन्छ। प्रदेशसभाको सक्रियता र प्रभावकारिताको मूल्यांकन खर्चले होइन, निर्माण भएका कानुन र त्यसबाट जनताले पाएको सेवाले निर्धारण गर्छ।

प्रदेशसभा प्रवक्ताले प्रदेशसभाको काम सरकारबाट आउने विधेयक र कार्यसूचीमा निर्भर रहने बताएका छन्। यो तर्क आंशिक रूपमा सही भए पनि त्यसले प्रदेशसभाको सम्पूर्ण जिम्मेवारी समाप्त गर्दैन। विषयगत समितिहरूलाई सक्रिय बनाउने, सरकारलाई विधेयक ल्याउन दबाब दिने, सार्वजनिक सरोकारका विषयमा छलफल चलाउने र कार्यपालिकालाई जवाफदेही बनाउने संवैधानिक दायित्व पनि प्रदेशसभाकै हो। त्यसमा अपेक्षित सक्रियता देखिएको छैन।

संघीय शासन प्रणाली महँगो संरचना भएको आलोचना सुरु भएदेखि नै प्रदेश तहले आफ्नो उपयोगिता प्रमाणित गर्नुपर्ने चुनौती रहेको छ। यदि प्रदेशसभाले अधिकांश ऊर्जा सेवा–सुविधा, भ्रमण र प्रशासनिक खर्चमै केन्द्रित गर्ने हो भने संघीयताप्रति जनविश्वास झन् कमजोर बन्न सक्छ। सार्वजनिक स्रोतको प्रत्येक रुपैयाँ जनहितसँग जोडिएको हुनुपर्छ। सुविधा आवश्यक भए पनि त्यसको उचित सीमा, पारदर्शिता र परिणाम देखिनुपर्छ।

अब मधेश प्रदेशसभाले आफ्नो प्राथमिकता पुनः निर्धारण गर्न आवश्यक छ। कानुन निर्माणलाई तीव्रता दिने, विकास र सुशासनसँग सम्बन्धित विधेयकलाई प्राथमिकता दिने, सरकारमाथि प्रभावकारी निगरानी बढाउने तथा खर्चमा मितव्ययिता अपनाउने समय आएको छ। जनताले प्रदेशसभा सेवा–सुविधा वितरण गर्ने संस्था होइन, आफ्ना समस्या समाधान गर्ने नीति निर्माण गर्ने थलोका रूपमा हेर्न चाहेका छन्।

संघीय लोकतन्त्रको सफलता प्रदेशसभाको सक्रियता, उत्तरदायित्व र कार्यक्षमतामा निर्भर रहन्छ। त्यसैले अब प्रदेशसभाले खर्चको आकार होइन, कामको परिणामबाट आफ्नो औचित्य पुष्टि गर्नुपर्छ। अन्यथा प्रदेशसभा जनताको भरोसा जित्ने संस्थाभन्दा पनि सुविधा उपभोग गर्ने संरचनाका रूपमा चिनिने जोखिम बढ्दै जानेछ।

# कांग्रेस–एमाले तिक्तताले प्रदेश सरकारहरूमा उथलपुथल

**पछिल्लो समय सत्ता गठबन्धनमा रहेका नेपाली कांग्रेस र नेकपा एमालेबीच बढेको तिक्तताले प्रदेश सरकारहरूमा उथलपुथल हुने संकेत देखिएको छ।**









**केशव सावद**

काठमाडौं, ३२ असार। ४ मंसिर २०७९ को निर्वाचनपछि पटकपटक संघीय सत्ता समीकरणमा भएको फेरबदल र दलभित्रको शक्ति संघर्षको प्रत्यक्ष प्रभाव प्रदेश सरकारहरूमा पर्दै आयो। प्रदेश सरकार गठन भएको साढे तीन वर्षको अवधिमा अधिकांश प्रदेशहरूमा पटकपटक सरकार फेरिए। प्रदेशसभा निर्वाचन सम्पन्न भएयता कुनै पनि प्रदेशले स्थिर सरकार पाउन सकेनन्। प्रदेशसभा निर्वाचनपछिका सरकारहरूमा कतिपय प्रदेशमा एउटै व्यक्ति दुई–तीन पटकसम्म मुख्यमन्त्रीमा दोहोरिए। कतिपय प्रदेशमा अदालतको आदेश, विश्वासको मत र गठबन्धन परिवर्तनले केही महिनामै सरकार परिवर्तन भए।

सात प्रदेशमध्ये कोशी प्रदेशमा सबैभन्दा धेरै ६ पटक सत्ता फेरबदल भयो। मधेश प्रदेशमा पाँच पटक, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा चार–चार पटक, बागमती प्रदेशमा तीन पटक तथा कर्णाली प्रदेशमा दुई पटक मुख्यमन्त्री परिवर्तन भइसकेका छन्। पछिल्लो समय सत्ता गठबन्धनमा रहेका नेपाली कांग्रेस र नेकपा एमालेबीच बढेको तिक्तताले फेरि प्रदेश सरकारहरूमा उथलपुथल हुने संकेत देखिएको छ। कांग्रेसले बुधबार मात्रै एमाले अध्यक्ष केपी शर्मा ओलीसँग पार्टीका निवर्तमान सभापति शेरबहादुर देउवाले गरेको सहमति तोड्ने अनौपचारिक निर्णय गरिसकेको छ।

### सबैभन्दा अस्थिर कोशी प्रदेश

सबैभन्दा अस्थिर प्रदेशका रूपमा कोशी देखिएको छ। २५ पुस २०७९ मा हिक्मतकुमार कार्की मुख्यमन्त्री बनेपछि प्रदेशमा सरकार परिवर्तनको शृंखला सुरु भएको थियो। नेकपा एमालेका नेता कार्की २५ पुस २०७९ मा कोशी प्रदेशको चौथो मुख्यमन्त्रीका रूपमा नियुक्त भएका थिए। उनको कार्यकाल २१ असार २०८० सम्म रहेको थियो। कार्कीअघि प्रदेशसभाको पहिलो कार्यकालमा राजेन्द्रकुमार राई, भीमप्रसाद आचार्य र शेरधन राई कोशीको मुख्यमन्त्री बनेका थिए।

२०७९ को निर्वाचनपछि एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायतको समर्थनमा कार्की मुख्यमन्त्री बनेका थिए। तर केन्द्रमा माओवादीले एमालेसँगको गठबन्धन तोडेर कांग्रेससँग गठबन्धन गरेपछि सरकार पनि अल्पमतमा परेको थियो। विश्वासको मत गुमाएपछि कार्कीले राजीनामा दिनु परेको थियो। संघीय सरकारमा सत्ता समीकरण फेरबदल भएपछि एमाले नेता कार्कीपछि कांग्रेस संसदीय दलका नेता उद्धव थापा कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त भएका थिए। थापालाई सभामुख बाबुराम गौतमसहितको हस्ताक्षरमा मुख्यमन्त्री नियुक्त गरिएको थियो।

तर, संविधानअनुसार सभामुखले सरकार गठनका लागि समर्थन दिन नमिल्ने भन्दै सर्वोच्च अदालतले उनको नियुक्ति बदर गरिदिएको थियो। थापाको पहिलो कार्यकाल २२ असार २०८० देखि १६ साउन २०८० सम्म टिकेको थियो। त्यसपछि उनी संविधानको धारा १६८ (२) अनुसार पुनः मुख्यमन्त्री नियुक्त भएका थिए। थापाले प्रदेशसभाको अध्यक्षता गरेका सांसद इस्त्राइल मन्सुरीको मत प्रयोग गरेर प्रदेश संसद्मा विश्वासको मत लिएका थिए।

उपसभामुख सिर्जना दनुवारले बैठकको अध्यक्षता गर्ने दिन बिरामी भएको सूचना दिएर बैंठक सञ्चालनका लागि मन्सुरीलाई अधिकार प्रत्योजन गरेकी थिइन्। प्रदेशसभामा उपस्थित ७७ जना सांसदमध्ये थापाको पक्षमा ४७ र विपक्षमा ३० मत परेको थियो। सर्वोच्च अदालतले सभाध्यक्षको निर्णायक मतबाट विश्वासको मत लिन नमिल्ने ठहर गर्दै विश्वासको मत लिने प्रक्रिया असंवैधानिक ठहर गरेपछि थापा नेतृत्वको सरकार ढलेको थियो। उनको दोस्रो कार्यकाल १७ साउन २०८० देखि २१ भदौ २०८० सम्म रहेको थियो।

थापाको दोस्रो नियुक्ति र उनले लिएको विश्वासको मत सर्वोच्च अदालतले बदर गरेपछि प्रदेशसभा पुनः सरकार गठनको प्रक्रियामा फर्किन पुग्यो। सर्वोच्चबाट संविधानको धारा १६८(३) अनुसार सबैभन्दा ठूलो दलको संसदीय दलका नेतालाई मुख्यमन्त्री नियुक्त गर्नुपर्ने बाटो खुला भयो। त्यसअनुसार एमाले संसदीय दलका नेता कार्की दोस्रो पटक मुख्यमन्त्री नियुक्त भए। उक्त धारामा मुख्यमन्त्रीले ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने व्यवस्था छ।

कांग्रेस, माओवादी केन्द्र र अन्य दलहरूको समर्थन नपाएपछि कार्कीले आवश्यक बहुमत जुटाउन सकेनन्। जसका कारण २७ असोज २०८० मा उनी विश्वासको मत लिन असफल भए। कार्की २२ भदौ २०८० मा दोस्रोपल्ट मुख्यमन्त्री नियुक्त भएका थिए। कार्कीले विश्वासको मत गुमाएपछि संविधानको धारा १६८(५) अन्तर्गत सरकार गठनको प्रक्रिया सुरु भएको थियो। उक्त धाराले कुनै पनि प्रदेशसभा सदस्यले बहुमत सांसदको समर्थन जुटाउन सके मुख्यमन्त्री दाबी गर्न सक्ने संवैधानिक व्यवस्था गरेको छ।

संविधानको सोही धारामा टेकेर कांग्रेसका प्रदेशसभा सदस्य केदार कार्कीले आफ्नै दलका केही सांसद र एमालेका ३९ सांसदको समर्थनसहित मुख्यमन्त्रीमा दाबी प्रस्तुत गरेका थिए। कांग्रेसले आधिकारिक रूपमा संसदीय दलका नेता थापालाई नै अघि सारेको थियो। तर सांसद कार्की (केदार) ले दलको आधिकारिक निर्णयभन्दा फरक बाटो अपनाएका थिए। एमालेले पनि कार्कीलाई समर्थन गर्ने निर्णय गरेको थियो। बहुमत सांसदको समर्थन देखिएपछि प्रदेश प्रमुखले २८ असोज २०८० मा कांग्रेस सांसद कार्कीलाई मुख्यमन्त्री नियुक्त गरेका थिए। उनको नियुक्तिले कांग्रेसभित्र विवाद उत्पन्न भएको थियो।

पछि २०८० फागुनमा केन्द्रमा कांग्रेस–माओवादी गठबन्धन टुटेर एमाले–माओवादीबीच नयाँ सत्ता समीकरण बनेको थियो। केन्द्रको नयाँ सत्ता समीकरणको बाछिटा कोशी प्रदेशमा पनि पर्‍यो। मुख्यमन्त्री कार्की अल्पमतमा परे। उनी २६ वैशाख २०८१ मा सरकारबाट बाहिरिएका थिए। त्यसको एक दिनपछि एमाले संसदीय दलका नेता कार्की ( हिक्मतकुमार) मुख्यमन्त्री बनेका थिए। २७ वैशाख २०८० मा तेस्रोपल्ट मुख्यमन्त्री नियुक्त भएका कार्कीकै नेतृत्वमा कोशी प्रदेश सरकार छ।

### मधेशमा पनि अस्थिर राजनीतिक यात्रा

मधेश प्रदेशमा पनि राजनीतिक अस्थिरता कम देखिँदैन। केन्द्रमा हुने सत्ता गठबन्धनको फेरबदलसँगै मधेश प्रदेशमा पनि साढे तीन वर्षको अवधिमा सरकार परिवर्तनको क्रम तीव्र बन्न पुगेको छ। एमाले संसदीय दलका नेता सरोजकुमार यादवको नेतृत्वबाट सुरु भएको सरकार सतिशकुमार सिंह, जितेन्द्रप्रसाद सोनल, पुनः सरोजकुमार यादव हुँदै अहिले कृष्णप्रसाद यादवको नेतृत्वमा पुगेको छ। मधेश प्रदेशमा २०७९ को निर्वाचनपछि एमाले, माओवादी केन्द्र, जनमत पार्टी, जनता समाजवादी पार्टी (जसपा) नेपाल लगायतको समर्थनमा एमाले संसदीय दलका नेता यादव २९ पुस २०७९ मा मुख्यमन्त्री बनेका थिए। उनी प्रदेशका दोस्रो मुख्यमन्त्री हुन्। यसअघि प्रदेशको नेतृत्व लालबाबु राउतले गरेका थिए।

यादव नेतृत्वको सरकार झण्डै डेढ वर्ष टिकेको थियो। केन्द्रमा नयाँ सत्ता गठबन्धन बनेपछि त्यसको प्रत्यक्ष प्रभाव मधेश प्रदेशमा पनि परेको थियो। नयाँ समीकरणअनुसार सरकारको नेतृत्व परिवर्तन गर्ने सहमति भएपछि मुख्यमन्त्री यादवले पद छाडेका थिए। २५ जेठ २०८१ मा जनमत पार्टीका नेता सतिशकुमार सिंह मुख्यमन्त्री बनेका थिए। उनी तत्कालीन एमाले–माओवादी–जनमत–नेकपा एकीकृत समाजवादी नेतृत्वको संघीय सत्ता समीकरणको आधारमा मुख्यमन्त्री बनेका थिए।

सिंहको नेतृत्वमा बनेको मधेश प्रदेश सरकार पनि लामो समय टिक्न सकेन। केन्द्रमा फेरि राजनीतिक समीकरण बदलिएपछि उनी २९ असोज २०८२ पदबाट बाहिरिएका थिए। सिंहपछि २९ असोज २०८२ मा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) संसदीय दलका नेता जितेन्द्रप्रसाद सोनल मुख्यमन्त्री नियुक्त भएका थिए। सोनलको कार्यकाल पनि छोटो अवधिको रहन पुग्यो। उनको कार्यकाल २३ कात्तिक २०८२ सम्म टिकेको थियो। सोनलले राजीनामा दिएकै दिन २३ कात्तिक २०८२ मा एमालेका सरोजकुमार यादव दोस्रो पटक मुख्यमन्त्रीमा नियुक्त भए। उनको दोस्रो कार्यकाल पनि झण्डै एक महिनामै समाप्त भयो।

सत्ता समीकरणमा भएको फेरबदलका कारण सोनलले विश्वासको मत गुमाएपछि १८ मंसिर २०८२ मा राजीनामा दिएका थिए। उनीपछि १९ मंसिर २०८२ मा कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव मुख्यमन्त्री नियुक्त भएका थिए। उनी हालसम्म पदमा छन्। मधेश प्रदेशमा साढे तीन वर्षको अवधिमा पाँचपल्ट सरकार परिवर्तन भएको छ। दलहरूबीच पटक–पटक फेरबदल भएका सत्ता समीकरणका कारण एमाले नेता यादव (सरोजकुमार) ले दुईपल्ट मुख्यमन्त्री बन्ने अवसर पाएका छन्।

### बागमतीमा केन्द्रको प्रभावसँगै कांग्रेसको किचलोले बदलियो सरकार

–बाँकी तीन पेजमा

## *कांग्रेस–एमाले ...*

कोशी वा मधेश प्रदेशको शैलीमा बागमती प्रदेशमा बारम्बार सरकार परिवर्तन भएको देखिँदैन। तर संघीय सरकारका लागि सत्ता समीकरणमा आएको फेरबदल र कांग्रेसको आन्तरिक शक्ति संघर्षको असर सरकारमा परेको देखिन्छ। बागमती प्रदेशमा २०७९ को निर्वाचनपछि एमाले–माओवादी केन्द्रसहितको गठबन्धनमा माओवादी नेता शालिकराम जम्मकट्टेल २५ पुस २०७९ मा मुख्यमन्त्री बनेका थिए। उनी बागमतीका चौथो मुख्यमन्त्री हुन्। जम्मकट्टेलअघि एकीकृत समाजवादीका राजेन्द्रप्रसाद पाण्डे, एमालेका अष्टलक्ष्मी शाक्य र डोरमणि पौडेल मुख्यमन्त्री बनेका थिए।

जम्मकट्टेलले सुरुमा एमाले, राप्रपालगायत दलको समर्थनमा सरकार गठन गरेका थिए। २०८० फागुनमा केन्द्रमा कांग्रेस–माओवादी गठबन्धन टुटेर एमाले–माओवादीबीच नयाँ समीकरण बनेपछि उनी नेतृत्वको सरकारले निरन्तरता पाएको थियो। १७ असार २०८१ मा फेरि केन्द्रमा कांग्रेस–एमालेबीच नयाँ समीकरण बनेपछि जम्मकट्टेल नेतृत्वको सरकार अल्पमतमा परेको थियो। सरकार अल्पमतमा परेपछि मुख्यमन्त्रीले ७ साउन २०८१ मा राजीनामा दिएका थिए। नयाँ समीकरणअनुसार कांग्रेस नेता बहादुरसिंह लामाले ८ साउन २०८१ मा मुख्यमन्त्रीमा नियुक्ति पाए। कांग्रेस–एमालेको संयुक्त बहुमतका कारण उनको सरकार तुलनात्मक रूपमा स्थिर देखियो।

तर, कांग्रेसको आन्तरिक विवाद लामा नेतृत्वको सरकार परिवर्तनको कारक बन्न पुग्यो। कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै कांग्रेसकै प्रदेश सभापति इन्द्रबहादुर बानियाँले मुख्यमन्त्री लामाविरुद्ध अविश्वास प्रस्ताव दर्ता गराएका थिए। बागमती प्रदेशको मुख्यमन्त्री पद सम्हालेको ठिक एक वर्ष पुगेकै दिन ९ साउन २०८२ मा उनीविरुद्ध प्रदेश संसदीय दलको कार्यालयमा अविश्वासको प्रस्ताव दर्ता भएको थियो। १४ साउन २०८२ मा कांग्रेस प्रदेश सभापति बानियाँ संसदीय दलको नेतामा निर्वाचित भएका थिए। कांग्रेसबाट निर्वाचित ३७ प्रदेशसभा सदस्यमध्ये बानियाँको पक्षमा २२ र मुख्यमन्त्री लामाको पक्षमा १४ मत खसेको छ। एक मत बदर भएको थियो।

दलको नेतामा पराजित भएपछि मुख्यमन्त्री लामाले पदबाट राजीनामा दिएका थिए। लामाको राजीनामापछि बानियाँ एमालेको समर्थनमा २० साउन २०८२ मा मुख्यमन्त्री नियुक्त भए। उनी हालसम्म पदमा छन्।

**गण्डकी प्रदेश : दुई नेतामै सीमित सरकारको नेतृत्व**

२०७९ को निर्वाचनपछि गठन भएको प्रदेशसभा अन्तर्गत गण्डकी प्रदेशमा एमाले संसदीय दलका नेता खगराज अधिकारी र कांग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डेले पालैपालो सरकारको नेतृत्व गरेका छन्। अधिकारी २५ पुस २०७९ मा गण्डकी प्रदेशको तेस्रो मुख्यमन्त्रीका रूपमा नियुक्त भएका थिए। उनको पहिलो कार्यकाल १४ वैशाख २०८० सम्म रहेको थियो। अधिकारीभन्दा अघि कांग्रेसका तर्फबाट कृष्णचन्द्र नेपाली पोखरेल र एमालेका तर्फबाट पृथ्वी सुब्बा गुरुङले सरकार सञ्चालन गरेका थिए।

अधिकारीले दुई पटक मुख्यमन्त्रीको जिम्मेवारी सम्हालिसकेका छन् भने पाण्डे हाल दोस्रो पटक सरकारको नेतृत्व गरिरहेका छन्। अधिकारीको दोस्रो कार्यकाल २५ चैत २०८० देखि १६ जेठ २०८१ सम्म चलेको थियो। पाण्डे पहिलो पटक १४ वैशाख २०८० मा मुख्यमन्त्री नियुक्त भएका थिए। पहिलो कार्यकालमा २५ चैत २०८० सम्म सरकारको नेतृत्व गरेका उनी १६ जेठ २०८१ मा फेरि मुख्यमन्त्री बनेका थिए। हालसम्म उनकै नेतृत्वमा गण्डकी प्रदेश सरकार छ।

**गठबन्धन फेरिँदा लुम्बिनीमा चार मुख्यमन्त्री**

२०७९ को प्रदेशसभा निर्वाचनपछि संघीय सरकारका लागि पुराना तीन दलबीच सत्ता समीकरणमा भएको परिवर्तनले लुम्बिनी प्रदेशमा पनि पटक–पटक सरकार फेरिएको छ। यो प्रदेशमा हालसम्म एमालेबाट लिला गिरी, कांग्रेसबाट डिल्लीबहादुर चौधरी, माओवादी केन्द्रबाट जोखबहादुर महरा र एमालेबाटै चेतनारायण आचार्य पटक–पटक मुख्यमन्त्री बनेका छन्। एमाले नेता गिरी २७ पुस २०७९ मा एमाले–माओवादी केन्द्र–राप्रपालगायत दलको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए। उनी लुम्बिनी प्रदेशका तेस्रो मुख्यमन्त्री हुन्। यसअघि एमालेबाट शंकर पोखरेल र माओवादी केन्द्रबाट कुलप्रसाद केसी 'सोनाम' ले प्रदेश सरकारको नेतृत्व गरेका थिए।

केन्द्रमा कांग्रेससँग नयाँ सत्ता समीकरण बनेपछि माओवादी केन्द्रले समर्थन फिर्ता लिँदा गिरी नेतृत्वको सरकार अल्पमतमा परेको थियो। सरकार अल्पमतमा परेपछि उनले २९ चैत २०८० मा राजीनामा दिएर नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त गरेका थिए। उनीपछि १४ वैशाख २०८० मा कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरी मुख्यमन्त्री नियुक्त भए। उनलाई तत्कालीन समयमा माओवादी केन्द्र, जसपा, लोसपालगायत दलले समर्थन गरेका थिए। चौधरी २४ चैत २०८० सम्म लुम्बिनीको मुख्यमन्त्रीको जिम्मेवारीमा रहे। २१ फागुन २०८० मा एमाले र माओवादीबीच नयाँ समीकरण भएपछि कांग्रेस संघीय सरकारबाट बाहिरियो। जसको असर लुम्बिनी प्रदेश सरकारमा पनि पर्न गयो।

एमालेसँगको गठबन्धनमा चौधरीपछि माओवादी केन्द्रका नेता जोखबहादुर महरा मुख्यमन्त्रीमा नियुक्त भए। उनलाई प्रदेश प्रमुखले ५ चैत २०८० मा मुख्यमन्त्री नियुक्त गरेका थिए। तर, १७ असार २०८१ मा कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच नयाँ सत्ता समीकरणका लागि सात बुँदे हस्ताक्षर भएपछि महरा नेतृत्वको सरकार अल्पमतमा परेको थियो। महराको राजीनामापछि ७ साउन २०८१ मा एमाले संसदीय दलका नेता चेतनारायण आचार्य मुख्यमन्त्रीमा नियुक्त भएका थिए। प्रदेश प्रमुख अमिक शेरचनले उनलाई संविधानको धारा १६८ (२) बमोजिम मुख्यमन्त्री नियुक्त गरेका थिए। उनी हालसम्म पदमा छन्।

**कर्णालीमा तुलनात्मक स्थिर सरकार**

साढे तीन वर्षको अवधिमा अन्य प्रदेशहरूको तुलनामा कर्णाली प्रदेशमा सरकार परिवर्तन कम भएको छ। २०७९ को निर्वाचनपछि कर्णाली प्रदेशमा दुई जनामात्रै मुख्यमन्त्री बनेका छन्। कर्णालीमा एमालेसँगको सत्ता समीकरणमा माओवादी केन्द्रका नेता राजकुमार शर्माले सरकारको नेतृत्व गरिसकेका छन् भने एमाले नेता यामलाल कँडेल कांग्रेसको समर्थनमा सरकार चलाइरहेका छन्। नेता शर्मा २७ पुस २०७९ मा एमालेसहितको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए। उनी कर्णालीका तेस्रो मुख्यमन्त्री हुन्। शर्माअघि माओवादी केन्द्रकै महेन्द्रबहादुर शाही र कांग्रेसका जीवनबहादुर शाहीले सरकारको नेतृत्व गरेका थिए।

शर्मा २८ चैत २०८० सम्म मुख्यमन्त्रीमा बहाल रहेका थिए। केन्द्रमा देउवा–ओलीबीच सात बुँदे सहमति भएपछि उनी अल्पमतमा परेका थिए। शर्माले पदबाट राजीनामा दिएपछि एमाले संसदीय दलका नेता कँडेल १८ साउन २०८१ मा मुख्यमन्त्री नियुक्त भएका थिए।

**सुदूरपश्चिममा पनि बदलिए सरकार**

२०७९ को निर्वाचनपछि केन्द्रको सत्ता समीकरणमा आएको परिवर्तन सुदूरपश्चिम प्रदेशमा पनि सरकार फेरबदलको कारक बनेको देखिन्छ। यहाँ अहिलेसम्म राजेन्द्रसिंह रावल, कमलबहादुर शाह र दीर्घबहादुर सोडारी पालैपालो मुख्यमन्त्री बनेका छन्। रावल एमाले संसदीय दलका नेता, शाह कांग्रेस संसदीय दलका नेता र सोडारी एकीकृत समाजवादी संसदीय दलका नेता हुन्। कांग्रेस नेता शाह अहिले दोस्रो कार्यकाल चलाइरहेका छन्।

प्रदेशसभा निर्वाचनपछि एमालेका रावल २७ पुस २०७९ मा मुख्यमन्त्री नियुक्त भएका थिए। उनी सुदूरपश्चिमका तेस्रो मुख्यमन्त्री हुन्। रावलअघि माओवादी केन्द्रका त्रिलोचन भट्ट र कांग्रेसका शाहले सरकारको नेतृत्व गरिसकेका थिए। माओवादी केन्द्र, नागरिक उन्मुक्ति पार्टी, राप्रपालगायत दलको समर्थनमा मुख्यमन्त्री नियुक्त भए पनि रावल विश्वासको मत जुटाउन नसकी पदमुक्त भएका थिए।

उनलाई नागरिक उन्मुक्ति पार्टीले विश्वासको मत नदिँदा रावल २६ माघ २०७९ मा पदमुक्त हुनुपरेका थियो। रावल पदमुक्त भएपछि कांग्रेसका शाह २७ फागुन २०७९ मा मुख्यमन्त्री नियुक्त भए। माओवादी केन्द्र, एकीकृत समाजवादीको समर्थन प्राप्त शाह नेतृत्वको सरकार झण्डै एक वर्षसम्म चल्यो। २१ फागुन २०८० मा केन्द्रमा एमाले–माओवादी गठबन्धनका कारण सरकार अल्पमतमा परेपछि मुख्यमन्त्री शाहले राजीनामा दिए। उनीपछि एकीकृत समाजवादीका सोडारी मुख्यमन्त्री नियुक्त भएका थिए।

सोडारी नेतृत्वको सरकार पनि लामो समय टिक्न सकेन। कांग्रेस–एमालेबीच नयाँ गठबन्धन बनेपछि सोडारी सरकार संकटले घेरिन पुग्यो। मुख्यमन्त्री सोडारीले २० साउन २०८१ मा पदबाट राजीनामा दिए। सोडारीपछि कांग्रेस नेता शाह २ साउन २०८१ मा एमालेको समर्थनमा दोस्रो पटक मुख्यमन्त्री नियुक्त भए। उनी हालसम्म सरकारको नेतृत्व गरिरहेका छन्। शाहले बुधबारमात्रै सत्ता साझेदार एमालेका मन्त्रीहरूलाई बर्खास्त गरेका छन्।

## *प्रजिअ पौडेलको ...*

वाणिज्य संघ सिरहा लहानका महासचिव रबिन्द्र श्रेष्ठले राख्नु भएको थियो। लहान वरिपरि विद्युत झ्यापझुया जानु र सरकारी कार्यालयहरुमा सुशासनको महसुस नहुनु लागु औषध नियणत्रण बाहिर रहेको गुनासो सार्वजानिक सुनवाइ कार्यक्रममा उठेको थियो।

सिरहामा लागु औषध नियणत्रणको कार्य प्रहरीबाट मात्रै संभव नदेखिएकोले यसको लागि स्थानीयतहहरु समेत प्रमुख भूमिका खेल्नुपर्ने सिरहा प्रहरी प्रमुख उपरीक्षक बासुदेव पाठकले बताउनुभयो। उहाँले भन्नुभयो, "वर्तमान सरकारबाट काम गर्न अनावश्यक दबाब नरहेकोले प्रहरीलाई स्वतन्त्र भएर काम गर्ने वातावरण मिलेकोले शान्ति सुरक्षा र अपराध नियणत्रण कार्यमा परिणम दिइने गरी कार्य भइरहेको जानकारी गराउनुभयो।

सम्बन्धित जिज्ञासाहरुको जवाफ दिइने क्रममा प्रमुख जिल्ला अधिकारी पौडेलले जनस्तरबाट उठेका गुनासोहरु अब नआउने गरी सुशासनको प्रत्याभुति हुने गरी काम गर्न उपस्थित मातहतका सबै कार्यालयका प्रमुखहरुलाई निर्देशन दिनुभयो।

सार्वजानि सुनवाइ कार्यक्रममा सिरहाका नगरपालिका प्रमुख र गाउँपालिका अध्यक्षहरुलाई समेत आमन्त्रित गरिएपनि कुनै पालिकाका नगरप्रमुख र गाउँपालिका अध्यक्षको उपस्थित नभएकोले सहभागीहरुले गुनासो गरिएको थियो। कार्यक्रममा सिरहा जिल्लाका सबै कार्यालय प्रमुखहरुको उपस्थितिमा लहान नगरपालिका स्थित प्राविधिक शिक्षालयको सभा हलमा सम्पन्न भएको थियो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# मधेशका खाल्डाले लिँदैछ बर्सेनि सय बढी बालबालिकाको ज्यान

**शैलेन्द्र महतो**

जनकपुरधाम, ३२ असार। सिरहाको गोलबजार नगरपालिका–७ स्थित पुरानो चोक चोहर्वामा रहेको पशु हाटबजारनजिक खाल्डोमा जमेको पानीमा आइतबार एकै परिवारका तीन बालबालिका अस्ताए। मृत्यु हुनेमा कवाड तथा प्लास्टिकका टुक्रा संकलन गरेर जीविकोपार्जन गर्ने स्थानीय अवास शेख र सबिनाका १२ वर्षीया छोरी सबनम खातुन, १० वर्षीया छोरी रुबिना खातुन र ७ वर्षीय छोरा साइफुल शेख छन्। सबिना गोलबजारमा एक घर भाडामा लिएर पाँच सन्तानलाई साथै राखेर कवाड संकलन गर्दै परिवारको गुजारा चलाउँदै आइरहेकी थिइन्। उनका श्रीमान् शारीरिक रुपमा अशक्त भएकाले रौटहटस्थित घरमै छन्।

आइतबार बिहानै खाना खाइसकेपछि जेठी छोरो सबनमसँग कवाड तथा प्लास्टिक संकलन गर्ने तयारी गरेकी थिइन्। विद्यालय बिदा भएकाले अरु छोराछोरी खेल्न बाहिर निस्किएका थिए। केहीबेरमै छोराछोरी पानी जमेको खाल्डोमा फसेको खबर पाइन्। रोइकराइ गर्न थालिन्। स्थानीय जुटिहाले, खोजी सुरु गर्न थाले। सुरुमा स्थानीयले एक जनामात्रै डुबेको खबर पाएका थिए। खोजी गर्दा अन्य दुई बालबालिकाको शव पनि सोही खाल्डोमा फेला पर्‍यो।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार उक्त खाल्डो वर्षौंदेखि गाईवस्तुलाई पानी खुवाउन प्रयोग हुँदै आएको हो। करिब ५० फिट लम्बाइ, २५ फिट चौडाइ र ६ फिट गहिरो खाल्डोमा जमेको पानी हाटबजार लाग्ने दिन गाईवस्तुलाई पिउन दिइने गरिन्छ। सिरहाको यो घटना भएको केही घण्टाकै अन्तरालमा बाराको कलैया उपमहानगरपालिका–११ घोघडरियास्थित एक पोखरीमा ६ वर्षीया बालिका डुबिन्। साँझ करिब ६:३० बजे स्थानीय सन्तोष पासवानकी ६ वर्षीया छोरी राधिका कुमारी नुहाउने क्रममा पोखरीमौ डुबेकी थिइन्।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेका अनुसार परिवारका सदस्य र स्थानीयवासीले तत्काल उद्धार गरी उपचारका लागि प्रादेशिक अस्पताल कलैया पुर्‍याए पनि चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए। यसअघि १४ असारमा रौतहटको गढीमाइ नगरपालिका–१ स्थित बागमती नदीको घरैयाघाटमा डुबेर दुई बालकको मृत्यु भएको थियो। नदीमा बगिरहेको दाउरा निकाल्ने क्रममा ८ वर्षीय आदित्य यादव र ८ वर्षीय अनिकेस यादव डुबेर बेपत्ता भएका थिए। स्थानीयवासी र सुरक्षाकर्मीको टोलीले उनीहरूलाई उद्धार गरी अस्पताल पुर्‍याए पनि चिकित्सकले बचाउन सकेनन्।

६ जेठ २०८२ मा धनुषाको कमला नगरपालिका–२ सराबे टोल नजिक नवनिर्मित कृषि सडकको खाल्डोमा डुबेर एकै घरका दुई बालकले ज्यान गुमाए। स्थानीय रामबाबु साहका ७ वर्षीय छोरा रितिक साह र उनका भाइ श्यामबाबु साहका ५ वर्षीय छोरा रितिश साह खेल्ने क्रममा बाटो निर्माणका लागि करिब ५ फिट गहिरो खनिएको खाल्डोमा पसे। तर कहिल्यै ननिस्किने गरी अस्ताए। कमला नगरपालिकाको १० लाख रुपैयाँको लागतमा कोटेशनमार्फत स्थानीय ठेकेदार राजेन्द्र मण्डलले आफ्नै खेतबाट सडक निर्माण गर्दा सम्झौताविपरीत खनेको गहिरो खाल्डो दुवै बालकको काल बन्यो।

त्यसैगरी, २०८२ साउन २७ गते बिहान पर्साको ठोरी गाउँपालिका–२ हनुमाननगरका मनोज कठायतका ८ वर्षीय छोरा अंश र ४ वर्षीय छोरा आयंश घरबाट खेल्न निस्किएका थिए। घरदेखि करिब १५० मिटर टाढा रहेको ठोरी–१ र २ को बीचबाट बग्ने डेढु खोलामा खेल्ने क्रममा उनीहरू केही समयअघि डोजरले बालुवा निकालेको खाल्डोमा जमेको पानीमा नुहाउन पसे। तर कहिल्यै ननिस्किने गरी अस्ताए। यी घटनाहरू उदाहरण मात्र हुन्। मधेशका आठवटै जिल्लामा वर्षेनी डुबेर सयभन्दा बढी बालबालिकाले अकालमै ज्यान गुमाउनु परेको छ।

**खाल्डोले बढाएको जोखिम**

विकास निर्माणका लागि खनेर छाडिएका खाल्डा, नदी तथा नदीकिनारमा जथाभावी ग्राभेल उत्खनन्पछि बनेका खाल्डामा जमेको पानी, माछापोखरी तथा अन्य जलाशयहरू अबोध बालबालिकाका लागि काल बन्दै गएका छन्। पछिल्ला चारवर्षको अवधिमा मधेशमा साढे चार सय बालबालिकाको यस्ता खाल्डा तथा पोखरीमा डुबेर ज्यान गएको प्रहरीको तथ्यांक छ। वर्षेनी सय बढी बालबालिकाको आकालमा डुबेर मृत्यु भइरहेको प्रहरीकै तथ्यांकले देखिन्छ। मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरको तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म मात्र मधेश प्रदेशमा डुबेर १११ जना बालबालिकाको अकालमै ज्यान गएको छ।

मृत्यु हुनेमध्ये ५७ जना बालक र ५४ जना बालिका छन्। सबैभन्दा बढी रौतहटमा २४ जना बालबालिकाको डुबेर मृत्यु भएको छ। त्यहाँ १३ जना बालक र ११ जना बालिकाले ज्यान गुमाएका छन्। त्यसैगरी, सप्तरीमा ६ बालिकासहित १७ जना, सिरहामा ७ बालिकासहित १६ जना, धनुषा र सर्लाहीमा १३–१३ जना बालबालिकाको डुबेर मृत्यु भएको

–बाँकी अन्तिम पेजमा

## मधेशका खाल्डाले ...

छ। धनुषामा ८ जना बालिका र ५ जना बालक तथा सर्लाहीमा ८ जना बालक र ५ जना बालिकाले ज्यान गुमाएका छन्। यस्तै, महोत्तरीमा ७ जना बालिका र ५ जना बालक गरी १२ जना, बारामा ६ जना बालक र ५ जना बालिका गरी ११ जना तथा पर्सामा ५ जना बालकको डुबेर मृत्यु भएको मधेश प्रदेश प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख छ।

यसअघि आर्थिक वर्ष २०८१/८२ मा पनि डुबेर १५० जना बालबालिकाको मृत्यु भएको थियो। तीमध्ये ९६ जना बालक र ५४ जना बालिका थिए। यसरी आ.व. ७८।०७९ देखि चालु आ.व. २०८२।०८३ सम्म ४५३ बालबालिकाको मधेशमा डुबेर मृत्यु भएको प्रहरीको तथ्यांकमा देखिन्छ। चालु आर्थिक वर्षमा गत आर्थिक वर्षको तुलनामा मृतकको संख्या केही कम देखिए पनि डुबेर बालबालिकाले अकालमै ज्यान गुमाउने क्रम भने रोकिएको छैन। त्यसअघि आर्थिक वर्ष २०८०/८१ मा ११० जना तथा आर्थिक वर्ष २०७९/८० मा ८२ जना बालबालिकाको डुबेर मृत्यु भएको थियो।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी प्रभु प्रसाद ढकाल प्रदेशको आठवटै जिल्लामा वर्षाको बेला पानी पर्ने र पोखरी, नाला, नहरहरुमा झाड पलाएको अवस्थामा बालबालिकाले गहिराइको अवस्था नपाएर डुब्ने गरिएको बताउँछन्। 'मधेश प्रदेशका जिल्लाहरुमा सुगम र दुर्गम क्षेत्रहरु छन्। वर्षाको बेला पानी पर्ने र पोखरी, नाला, नहरहरुमा झाड पलाएको अवस्था हुन्छन्। त्यमा गहिराइको अनुभव बालबालिकाले थाहा नपाउने र पसेपछि डुब्ने गरेको विगतको घटनाको प्रकृतिहरुबाट देखिएको छ' उनले भने।

**किन भइरहेछ यस्तो ?**

बालबालिका डुबेर मृत्यु हुने क्रम बढ्नुमा गाउँ–गाउँमा रहेका माछा पोखरी, नुहाउने तथा लुगा धुने पोखरी, विकास निर्माणका लागि खनेर छाडिएका खाल्डाखुल्डी तथा निजी जग्गा, खोला र नदी किनारबाट माटो तथा ग्राभेल उत्खनन गरी छाडिएका खाल्डाहरू प्रमुख कारण बनेका छन्। मधेशका कमला, औरही, रातु, बागमतीलगायत प्रायः सबै नदी किनारमा स्थानीय सरकार र प्रहरी प्रशासनकै मिलेमतोमा ग्राइभेल उत्खन्न भएको गहिरा खाल्डा पर्याप्त देख्न सकिन्छ। यस्तै सडक निर्माणको क्रममा छेउबाट माटो झिकेको खाल्डोहरु पनि मधेशमा धेरै छन्। ती खाल्डाहरू वर्षायाममा पानीले भरिएपछि बालबालिकाका लागि ठूलो जोखिम बन्छन्।

खेल्ने क्रममा सामान्य पानी ठानेर पस्ने बालबालिका गहिराइको अनुमान गर्न नसक्दा डुबेर ज्यान गुमाउने गरेका छन्। यस्ता खाल्डाखुल्डीको व्यवस्थापनमा स्थानीय सरकार र सम्बन्धित निकाय गम्भीर नदेखिएको आम जगुनासो छ। उत्खनन् रोक्न नसक्ने र उत्खननपछि खाल्डा व्यवस्थापन गर्न पनि बेवास्ता गर्ने प्रवृत्तिका कारण गरिब तथा मध्यमवर्गीय परिवारका बालबालिका सबैभन्दा बढी जोखिममा परेका छन्। पछिल्लो समय निजी जग्गाबाट माटो र ग्राभेल बिक्री गर्ने क्रम पनि बढेको छ। २५/३० फिटसम्म गहिरा खाल्डा खनेर खुला छाड्ने प्रवृत्ति पनि छ। यसमाथि प्रभावकारी नियमन गर्न सरकारले अझै सकिरहेको छैन।

विकास निर्माणका क्रममा सडक छेउमा खनिएका खाल्डाले पनि बालबालिकाको ज्यान लिइरहेको छ। यस्ता दुर्घटनाको शिकार प्रायः गरिब तथा विपन्न परिवारका बालबालिका बन्ने गरेका छन्। अभिभावक दैनिक जीविकोपार्जनका काममा व्यस्त हुँदा बालबालिका खेल्दै त्यस्ता जोखिमयुक्त स्थानमा पुग्ने र दुर्घटनामा पर्ने गरेको देखिन्छन्। यी घटनाको न्यूनीकरणका लागि तीनै तहका सरकारले अपेक्षित पहल गर्न नसकेको देखिन्छ। सबभन्दा बढी जिम्मेबार स्थानीय सरकार हुनु पर्ने हो। सिरहाका प्रहरी प्रवक्ता रमेश पाल भन्छन्, 'हामीले बैठक तथा छलफलहरूमा बालबालिका डुब्ने सम्भावित जोखिमका कुरा उठाइरहेका हुन्छौं। यसमा सबभन्दा बढी ध्यान स्थानीय सरकारले दिनु पर्ने हो। सचेतना फैलाउनु पर्ने हो। यसले घटनाहरु न्यूनीकरण हुन सक्छ।'

मधेश मामिलाका जानकार तुलानारायण साह मधेशमा बालबालिका डुबेर हुने अधिकांश मृत्यु वर्गीय समस्यासँग जोडिएको बताउँछन्। 'डुब्ने घटनामा प्रायः गरिब परिवारका बालबालिका पर्दै आएका छन्। सम्पन्न परिवारले बालबालिकाको राम्रो रेखदेख गर्न सक्छन्,' उनले भने, 'तर गरिब परिवारका अभिभावक जीविकोपार्जनमा व्यस्त हुँदा बालबालिका खेल्ने क्रममा पोखरी, नाला र खाल्डाखुल्डीमा पुगेर दुर्घटनामा पर्ने गरेका छन्।' उनले यस्ता घटनामा राज्य र सरोकारवाला जिम्मेवार हुनुपर्ने पनि बताए। मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी प्रभु प्रसाद ढकालका अनुसार वर्षायाममा बालबालिका डुब्ने घटनाप्रति सबै पक्ष सचेत हुन आवश्यक छ।

'अभिभावकले बालबालिका कहाँ गएका छन्, के गरिरहेका छन् भन्ने विषयमा निरन्तर निगरानी राख्नुपर्छ,' उनी भन्छन्, 'घरवरिपरिका नाला, पोखरी र खाल्डाखुल्डी सफा गर्ने, आवश्यक स्थानमा पुर्ने तथा तारबार लगाउने काममा समुदायको सक्रिय सहभागिता आवश्यक छ।' एसपएसपी ढकालका अनुसार प्रदेश प्रहरी कार्यालयदेखि जिल्ला, इलाका र प्रहरी चौकीसम्मका इकाइले टोलटोलमा पुगेर डुब्ने जोखिमबारे जनचेतना अभियान सञ्चालन गरिरहेका छन्। यस्ता जोखिम न्यूनीकरणका लागि पालिका, वडा तहबाटै सचेतना कार्यक्रम सञ्चालन हुनुपर्ने उनको भनाइ छ।

# मधेशमा कांग्रेस नेतृत्वकै सरकारले निरन्तरता पाउने

जनकपुरधाम, ३२ असार। मधेश प्रदेशमा नेपाली कांग्रेस नेतृत्वकै सरकारले निरन्तरता पाउने भएको छ। अन्य प्रदेशमा कांग्रेस–एमालेबीचको गठबन्धन फेरबदल हुने संकेत देखिए पनि त्यसको असर तत्काल मधेश प्रदेशमा भने नपर्ने सरकारको नेतृत्व गरिरहेका दलका नेताहरूले दाबी गरेका छन्। मधेशमा कांग्रेसका कृष्णप्रसाद यादवको नेतृत्वमा सरकार छ। कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) गठबन्धनको सरकार छ।

कांग्रेसको निर्देशनले अन्य प्रदेशहरूमा हलचल भए पनि मधेश प्रदेशमा भने तिनै दलका नेता बसेर सरकारलाई निरन्तरता दिने छलफल गरेको छ। मुख्यमन्त्री कृष्णप्रसाद यादव नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादव र अर्थमन्त्री समेत रहेका युवराज भट्टराईबीच छलफल भएको छ। गत १२ जेठमा सरकार विस्तार गर्नुअघि तीन दलबीच चुनावसम्मै निरन्तरता दिने लगायतको १५ बुँदे सहमति भएको थियो। नेकपा एमाले संसदीय दलका नेता सरोज यादवले प्रदेशगत तहमा तीन दल बीचमा कुनै समस्या नभएकाले सरकार नछाड्ने र समर्थन कायम राख्ने बताए।

'प्रदेशगत तहमा तीन दलको बीचमा कुनै समस्या छैन। संघीय लोकतान्त्रिक गणतन्त्रमा केन्द्रमा जेजे हुन्छ, त्यो प्रदेशमा गरौं भन्ने मान्यता हाम्रो छैन,' उनले भने, 'विगतमा पनि केन्द्रमा एउटा सरकार र प्रदेशमा अर्को सरकारको अभ्यास हामी गरिसकेका छौं। त्यस कारण यो तीनदलको गठबन्धन निश्चित गरेका छौं चुनावसम्म जाने।' तीन दलको बैठकमा भर्खरै यो सरकारको बजेट सर्वसहमतिबाट पारित भएको बताउँदै ठिक ढंगले यो सरकारलाई निरन्तरता दिने छलफल भएको नेकपा संसदीय दलका नेता युवराज भट्टराईले बताए।

'मधेश प्रदेश सरकार विशिष्ट कन्डिसनमा र अरू प्रदेश भन्दा फरक ढंगको संरचना भनौ गठबन्धनबाट यो सरकार बनेको हो। त्यस कारण यो सरकारलाई अरू प्रदेशको हावाले छुँदैन,' अर्थमन्त्री समेत रहेका भट्टराईले भने। मधेशमा गत १९ मंसिरमा कांग्रेस, जसपा नेपाल, जनमत, नेकपा माओवादी केन्द्र, लोसपा र एकीकृत समाजवादीका ७७ जना सांसदको समर्थनमा यादव मुख्यमन्त्री बनेका थिए।

# पूर्वसांसद लक्ष्मी महतो कोइरीलाई तत्काल रिहा गर्न सर्वोच्चको आदेश

**अजय शाह**

महोत्तरी, ३२ असार। सर्वोच्च अदालतले नेकपा (एमाले) का पूर्वसांसद लक्ष्मी महतो कोइरीलाई कारागारबाट तत्काल रिहा गर्न आदेश दिएको छ। बन्दी प्रत्यक्षीकरणको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले कोइरीलाई थुनामा राख्ने आधार कानुनसम्मत नरहेको ठहर गर्दै थुनामुक्त गर्न आदेश जारी गरेको हो। न्यायाधीशद्वय श्रीकान्त पौडेल र कुमार रेग्मीको संयुक्त इजलासले उक्त आदेश जारी गरेको हो। अदालतले २०८३ असार १९ गते जारी गरिएको कैदी पुर्जी कानुनी प्रक्रियाअनुसार जारी नभएको निष्कर्ष निकाल्दै त्यसकै आधारमा गरिएको थुनालाई कानुनसम्मत मान्न नसकिने उल्लेख गरेको छ।



पूर्वसांसद कोइरी सशस्त्र प्रहरीका सहायक निरीक्षक थमन विक हत्या प्रकरणमा दोषी ठहर हुनुभएको थियो। उक्त मुद्दामा उच्च अदालत जनकपुरले उहाँलाई पाँच वर्ष कैद सजाय सुनाएको थियो। उच्च अदालतको फैसला लगत्तै उहाँलाई पक्राउ गरी महोत्तरीस्थित जलेश्वर कारागार चलान गरिएको थियो। कारागार चलान भएपछि कोइरीले आफ्नो थुना गैरकानुनी भएको दाबी गर्दै सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गर्नुभएको थियो। सोही रिटमाथिको सुनुवाइपछि सर्वोच्चले कैदी पुर्जी जारी गर्ने प्रक्रियामै कानुनी त्रुटि रहेको निष्कर्ष निकालेको हो। सर्वोच्च अदालतको यो आदेशसँगै कोइरी जलेश्वर कारागारबाट थुनामुक्त हुनुभएको छ। अदालतको यस आदेशले हत्या मुद्दामा भएको उच्च अदालतको फैसलालाई बदर गरेको नभई, कैदी पुर्जी जारी गर्ने कानुनी प्रक्रियामा भएको त्रुटिका कारण तत्कालको थुना मात्र कानुनसम्मत नरहेको स्पष्ट पारेको छ।

# वीरगञ्जमा चौथो गहवामाई रथयात्रा निकालियो

**दिपकप्रसाद गौतम**

वीरगञ्ज, ३२ असार। वीरगञ्जको प्रसिद्ध शक्तिपीठ गहवामाई मन्दिरको चौथो रथयात्रा हजारौ भक्तजनहरुको सहभागितामा विहीबार निकालिएको छ। श्रद्धा, भक्ति र उत्साहका साथ हजारौ भक्तजनहरुको सहभागितामा निकालिएको रथयात्रा गहवामाई मन्दिर परिसरबाट सुरुभई घण्टाघर, रेलवे रोडको भित्री बाइपास हुँदै छपकैया पुगी त्यँहाबाट मुख्य सडक हुँदै मकालु होटल चोकबाट आदर्शनगर हुँदै घडिअर्वा पोखरी एक नम्बर गेट छेउबाट पुनः माईस्थान मन्दिर परिसरमा पुगी सम्पन्न भएको थियो।

वर्षमा एक पटक निकालिने यस रथयात्राले विगत तीन वर्षदेखि निरन्तर पाइरहेको छ। यस वर्ष निकालिएको चौथो रथयात्राका दिन आज (विहीबार) बिहानैदेखि पानी परिरहेको भएपछि हजारौं श्रद्धालु भक्तजनको सहभागितामा भव्य रूपमा रथयात्रा सम्पन्न भएको हो। गहवामाई तीर्थ क्षेत्र विकास समिति अन्तर्गतको गहवामाई रथयात्रा २०८३ का संयोजक बसंत कुमार गुप्ताका अनुसार बिहान साढे ७ बजे निकालिने रथयात्रा वर्षाका कारण केही ढिलो निकालिएको थियो।

यद्यपी उल्लेख्य श्रद्धालु भक्तजनहरुको सहभागितामा रथलाई नगरका विभिन्न भागको परिक्रमा गराउदै पुनः गहवामाई मन्दिर परिसर ल्याईएको उहाँले बताउनुभयो। मुख्य सडक विस्तारका क्रममा मुख्य सडकका संरचना भत्काइएका, भत्किएका संरचनाको अवयवका कारण केहि असहजता भए पनि श्रद्धालु भक्तजनहरुको सहभागितामा कुनै कमि देखिदैनथ्यो।

गहवामाई तीर्थ क्षेत्र विकास समितिका अध्यक्ष श्याम कुमार पोखरेलले मौसम प्रतिकूल बनेकाले रथयात्रा भरी हेलिकप्टरबाट गरिने भनिएको पुष्प वर्षा को कार्य गर्न नसकिएको बताउनुभयो। 'मौसम अनुकूल नभएकाले हेलिकप्टर काठमाण्डौंबाट आउनै सकेन। सहभागिहरुमा महिलाहरुको उपस्थिती बढी रहेको देखिन्थ्यो, एक लाखभन्दा बढी श्रद्धालु भक्तजनहरुको सहभागितामा रथयात्रा सम्पन्न भयो। साँझ ६ बजेदेखि हुने सन्ध्या भजन भव्य हुनेछ ' उहाँले भन्नुभयो।

रथयात्रालाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन स्थानीय प्रशासनले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा ट्राफिक प्रहरीको विशेष सुरक्षा व्यवस्था मिलाएको थियो। सम्पूर्ण रथयात्रा मार्गमा सुरक्षाकर्मीले निगरानी गरेका थिए भने सादा पोशाकमा समेत सुरक्षाकर्मी परिचालित गरिएको थियो। यसैगरी ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक विभिन्न स्थानमा वैकल्पिक व्यवस्था मिलाईएको थियो।

यसैगरी माईस्थान मन्दिर सञ्चालक समितिका अध्यक्ष नरेन्द्र साहले गहवामाई मन्दिरमा आज (विहीबार) १४ औ वार्षिक पुजा अर्चना कार्यक्रम रहेको जानकारी दिनुभयो। उहाँका अनुसार बिहान ८ बजेदेखि पुजा आरम्भ गरी दिउँसो १२ बजेदेखि १ बजेसम्म विश्राम गरी पुनः पुजा अर्चना गर्दै हवन गरी साँझ ४ पुजा सम्पन्न हुनेछ भने साँझ ६ बजे आरती गरी साढे ६ बजेबाट प्रसाद वितरण गर्ने कार्यक्रम रहेको छ।

पछिल्लो केहीवर्ष यतादेखि धार्मिक तथा सांस्कृतिक पर्वका रूपमा स्थापित भएको गहवामाई रथयात्राले धार्मिक सद्भाव, सामाजिक एकता र सांस्कृतिक परम्पराको संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याएको आयोजकले दाबी गरेको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**ः कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)